# राष्ट्रिय बीमा कम्पनी लिमिटेड

रामशाह पथ, काठमाडौं, नेपाल

## खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति: २०८३/०३/१९ गते)

लोक सेवा आयोगबाट प्राप्त सहमति तथा यस कम्पनीको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०७४ (पहिलो संशोधन २०७८ सहित) को विनियम ६ (१) अनुसार यस कम्पनी र सो अन्तर्गत रिक्त रहेका देहायका पदहरूमा विनियमावलीको विनियम १६ बमोजिम अयोग्य नभई तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट रीतपूर्वक दरखास्त आह्वान गरिन्छ। रीत नपुगी र म्याद नाघी पर्न आएको दरखास्त उपर कुनै कारवाही हुने छैन। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले कम्पनीको वेबसाइट www.rbcl.gov.np/career वा सोझै https://www.beemavacancy.com मा अनलाइन दरखास्त प्रणालीबाट आवेदन दिनुपर्नेछ।

| विज्ञापन नं. | सेवा/समूह, पद | तह | समूह | सङ्ख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|---|---|
| ९/२०८२/८३ | प्रशासन, सह व्यवस्थापक | ८ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, विज्ञान, कृषि तथा पशु विज्ञान, तथ्याङ्क शास्त्र, कानून वा सूचना प्रविधिमध्ये कुनै एक विषयमा कम्तीमा स्नातकोत्तर तह वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाको अधिकृत स्तरको पदमा ५ वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि २ वर्ष कम हुनेछ। |
| १०/२०८२/८३ | प्रशासन, चार्टर्ड एकाउन्टेन्ट | ८ | आ.ज. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सो सरह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाको अधिकृत स्तरको पदमा ५ वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि २ वर्ष कम हुनेछ। |
| ११/२०८२/८३ | प्रशासन, नायब व्यवस्थापक | ७ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, विज्ञान, कृषि तथा पशु विज्ञान, तथ्याङ्क शास्त्र, कानून वा सूचना प्रविधिमध्ये कुनै एक विषयमा कम्तीमा स्नातकोत्तर तह वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरह उत्तीर्ण गरेको। |
| १२/२०८२/८३ | प्रशासन, कानून अधिकृत | ७ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातकोत्तर तह उत्तीर्ण भएको। |
| १३/२०८२/८३ | प्रशासन, सहायक व्यवस्थापक | ६ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, विज्ञान, कृषि तथा पशु विज्ञान, तथ्याङ्क शास्त्र, कानून वा सूचना प्रविधिमध्ये कुनै एक विषयमा कम्तीमा स्नातकोत्तर तह वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरह उत्तीर्ण गरेको। |
| १४/२०८२/८३ | प्रशासन, सहायक व्यवस्थापक | ६ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, बीमा, अर्थशास्त्र, विज्ञान, कृषि तथा पशु विज्ञान, तथ्याङ्क शास्त्र, कानून वा सूचना प्रविधिमध्ये कुनै एक विषयमा कम्तीमा स्नातकोत्तर तह वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरह उत्तीर्ण गरेको। |
| १५/२०८२/८३ | प्रशासन, सहायक 'क' | ५ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, विज्ञान, कृषि तथा पशु विज्ञान, तथ्याङ्क शास्त्र, कानून, सूचना प्रविधि वा बीमामध्ये कुनै एक विषयमा स्नातक तह उत्तीर्ण गरेको। |
| १६/२०८२/८३ | स्वास्थ्य सहायक | ५ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट Health Assistance वा सो सरह उत्तीर्ण गरेको। |
| १७/२०८२/८३ | सूचना प्रविधि सहायक | ५ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि (बी.सी.ए./बी.सी.आई.एस/बी.आई.टी./बी.आई.एम./बी.सी.एस. आईटी बी.बी.आई.एस.) इन्जिनियर इन कम्प्युटर विषयमा स्नातक तह उत्तीर्ण गरेको। |
| RBCL-१८/२०८२/८३ | प्रशासन, सहायक 'ख' | ४ | खुला | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा सूचना प्रविधि मुख्य विषय लिई १०+२ वा सो सरह उत्तीर्ण गरेको। |
| RBCL-१९/२०८२/८३ | प्रशासन, सहायक 'ख' | ४ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा सूचना प्रविधि मुख्य विषय लिई १०+२ वा सो सरह उत्तीर्ण गरेको। |
| RBCL-२०/२०८२/८३ | प्रशासन, सहायक 'ख' | ४ | आ.ज. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा सूचना प्रविधि मुख्य विषय लिई १०+२ वा सो सरह उत्तीर्ण गरेको। |
| RBCL-२१/२०८२/८३ | प्रशासन, सहायक 'ख' | ४ | अपाङ्ग | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट लेखा वा सूचना प्रविधि मुख्य विषय लिई १०+२ वा सो सरह उत्तीर्ण गरेको। |
| २२/२०८२/८३ | कृषि प्राविधिक | ४ | आ.ज. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. उत्तीर्ण गरी न्यूनतम १ वर्षे जेटिए (कृषि विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टी.एस.एल.सी. उत्तीर्ण गरी बीमाको क्षेत्रमा एक वर्ष कार्य गरेको। |

| | | |
|---|---|---|
| **विज्ञापन सम्बन्धी विशेष सूचना** | : | सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेश आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा कानूनी व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ । |
| **१. सेवाको किसिम** | : | स्थायी । |
| **२. तलब, सुविधा तथा अन्य सेवाका शर्त** | : | कम्पनीको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०७४ (पहिलो संशोधन २०७८ सहित) बमोजिम हुनेछ । |
| **३. उमेरको हद** | : | दरखास्त दिने अन्तिम मितिसम्म अधिकृत स्तरका लागि २१ वर्ष पूरा भई ३५ वर्ष उमेर ननाघेको, सहायक स्तरका लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, तर सबै तहका महिला र अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष उमेर ननाघेको । यस कम्पनीमा कार्यरत स्थायी कर्मचारीलाई उल्लिखित उमेरको हद लाग्ने छैन । |
| **४. परीक्षण काल** | : | महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष । |
| **५. परीक्षाको किसिम** | : | लिखित तथा अन्तर्वार्ता हुनेछ । साथै, विज्ञापन नं. १५, १६, १७, RBCL-१८/२०८२/८३, १९/२०८२/८३, २०/२०८२/८३, २१/२०८२/८३ र २२ का लागि कम्प्युटर सीप सम्बन्धी प्रयोगात्मक परीक्षा समेत लिइनेछ । |
| **६. दरखास्त बुझाउने विधि** | : | तोकिएको म्यादभित्र कम्पनीको वेबसाइट www.rbcl.gov.np को careers भित्र गई वा सोझै https://www.beemavacancy.com मार्फत तथा विज्ञापन नं. RBCL-१८/२०८२/८३, १९/२०८२/८३, २०/२०८२/८३, २१/२०८२/८३ चौथो तहको हकमा लोक सेवा आयोगबाट मिति २०८२/०७/१५ मा एकीकृत परीक्षा प्रणालीको आधारमा सञ्चालित पूर्व योग्यता परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र र तोकिएको अन्य कागजात संलग्न गरी https://www.beemavacancy.com मार्फत तोकेको दरखास्त फाराम भरी Esewa मार्फत तोकिएको दस्तुर जम्मा गरी अनलाइन दरखास्त पेश गर्न सकिनेछ । |
| **७. दरखास्त बुझाउने अन्तिम म्याद** | : | सूचना प्रकाशित भएको मितिले २१ दिन (२०८३/०४/०७) भित्र र दोब्बर दस्तुर तिरी म्याद समाप्त भएको मितिले ७ दिन (मिति २०८३/०४/१४) गतेसम्म । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट । |
| **८ परीक्षा शुल्क** | : | तह-८, तह-७ र तह-६ पदका लागि रु. १२००/- (बाह्र सय) तह ५ र ४ का पदका लागि रु. ८००/- (आठ सय) । |
| **९. समावेशी समूहका लागि थप दस्तुर** | : | तह-६ वा सोभन्दा माथिल्लो तहको पदका लागि प्रत्येक समूहमा थप रु. ४००/- (चार सय) र तह ४ र ५ का पदका लागि प्रत्येक समूहमा थप रु. २००/- (दुई सय) । |
| **१०. लिखित परीक्षा हुने मिति र केन्द्र** | : | उपरोक्त पदहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ । लिखित परीक्षा हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ । |

**द्रष्टव्य:**

क) तह ६ सहायक व्यवस्थापक, तह ५ सहायक 'क' र तह ४ सहायक 'ख' पदको परीक्षामा सफल हुने उम्मेदवारहरूलाई अन्तिम योग्यता क्रमका आधारमा शाखागत रूपमा छनोट सूची प्रदान गरी नियुक्ति गरिनेछ । सुरु नियुक्ति भएको शाखा कार्यालयमा न्यूनतम ५ वर्ष सेवा गर्नुपर्नेछ ।

ख) खुला तथा समावेशी तर्फका लागि एउटै दरखास्त पेश गर्न पुग्नेछ । साथै समावेशीतर्फ एकभन्दा बढी समूहमा दरखास्त दिने भएमा समूह अनुसार छुट्टाछुट्टै दस्तुर लाग्नेछ ।

ग) उपरोक्त पदहरूको खुला तथा समावेशी समूहको एउटै परीक्षा हुनेछ ।

घ) दरखास्त फाराम, पाठ्यक्रम तथा अन्य जानकारीका लागि यस कम्पनीको website: https://www.rbcl.gov.np मा हेर्न सकिनेछ ।

ङ) सङ्गठित संस्था भन्नाले सरकारको स्वामित्व वा नियन्त्रणमा भएको संस्थान, कम्पनी, बैंक, समिति वा सङ्घीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्थालाई भनिनेछ ।

च) शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, अनुभव, सेवा अवधि सम्बन्धी तथा अन्य प्रमाणपत्रहरूका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति (बुँदा नं. ७ मा उल्लेख भएको अवधि) सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ ।

**पुनश्च:**

**समावेशी तर्फका आवेदकहरूले पेश गर्नुपर्ने थप कागजातहरू :**

क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीका आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

ख) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित पत्र वा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचय पत्र दरखास्त साथ पेश गर्नुपर्नेछ ।

**पदपूर्ति समिति**

# राष्ट्रिय बीमा कम्पनी लिमिटेड

रामशाह पथ, काठमाडौँ, नेपाल

## कार्यसम्पादन मूल्याङ्कन बढुवाका लागि दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८३/०३/१९ गते)**

लोक सेवा आयोगबाट प्राप्त सहमति तथा यस कम्पनीको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०७४ (पहिलो संशोधन २०७८ सहित) को विनियम ६ (१) अनुसार कम्पनीमा रिक्त रहेका देहायका पदहरूमा विनियमावलीको विनियम २९ बमोजिम कार्यसम्पादन मूल्याङ्कन बढुवाद्वारा पदपूर्ति गर्न दरखास्त दिने अन्तिम मिति सम्ममा विनियमावलीको विनियम २७ को उपविनियम (१) र (२) बमोजिमको योग्यता पूरा भएका कम्पनीमा कार्यरत सम्भाव्य कर्मचारीहरूबाट कार्यसम्पादन मूल्याङ्कन बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको म्यादभित्र दरखास्त फाराम पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। रीतपूर्वक पेश नभएका दरखास्त उपर कुनै कारबाही हुने छैन।

| बढुवा सूचना नं. | सेवा/समूह,पद | तह | पद सङ्ख्या |
|---|---|---|---|
| १/२०८२/८३ | प्रशासन, नायव प्रमुख कार्यकारी अधिकृत | ११ | १ |
| २/२०८२/८३ | प्रशासन, मुख्य व्यवस्थापक | १० | २ |
| ३/२०८२/८३ | प्रशासन, व्यवस्थापक | ९ | ४ |
| ४/२०८२/८३ | प्रशासन, सह व्यवस्थापक | ८ | ४ |
| ५/२०८२/८३ | प्रशासन, सहायक व्यवस्थापक | ६ | १ |

१. **दरखास्त फाराम पाइने तथा बुझाउने स्थान** : राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रधान कार्यालय, मानव संसाधन तथा आन्तरिक व्यवस्थापन विभाग, रामशाह पथ, काठमाडौँ। दरखास्त फाराम यस कम्पनीको website: https://www.rbcl.gov.np बाट Download गर्न सकिनेछ।

२. **दरखास्त दस्तुर** : दरखास्त दस्तुर बापत तह ६ का लागि रु. ६००/-, तह ८ का लागि रु. ८००/-, तह ९ का लागि रु. १,०००/-, तह १० र तह ११ का लागि रु. १,२००/- यस राष्ट्रिय बीमा कम्पनी लिमिटेडको नेपाल बैंक लिमिटेडमा रहेको चल्ती खाता नं. ००२००१००५०५१५००००००१ मा जम्मा गरी सोको भौचर दरखास्त फारामका साथ पेश गर्नुपर्नेछ। रकम जम्मा भौचरमा केरमेट नभएको र आवेदकको नाम स्पष्ट उल्लेख भएको हुनुपर्नेछ।

३. **दरखास्त बुझाउने अन्तिम म्याद** : मिति २०८३/०४/१६ गते।

**पदपूर्ति समिति**

# राष्ट्रिय बीमा कम्पनी लिमिटेड

रामशाह पथ, काठमाडौँ, नेपाल

## आन्तरिक प्रतियोगितात्मक परीक्षाको दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८३/०३/१९ गते)

लोक सेवा आयोगबाट प्राप्त सहमति तथा यस कम्पनीको कर्मचारी सेवा सर्त सम्बन्धी विनियमावली, २०७४ (पहिलो संशोधन २०७८ सहित) को विनियम ६ (१) अनुसार कम्पनीमा रिक्त रहेका पदहरूमध्ये देहायका पदहरूमा विनियमावलीको विनियम २६ को उपविनियम (२) बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षा (लिखित तथा अन्तर्वार्ता) द्वारा पदपूर्ति गर्नुपर्ने भएकोले विनियमावलीको विनियम २७ को उपविनियम (१) र (२) बमोजिमको योग्यता पूरा भएका कम्पनीमा कार्यरत सम्भाव्य कर्मचारीहरूबाट तोकिएको म्यादभित्र दरखास्त फाराम पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। रीतपूर्वक पेश नभएका दरखास्त उपर कुनै कारबाही हुनेछैन।

| विज्ञापन नं. | सेवा/समूह, पद | तह | पद सङ्ख्या |
|---|---|---|---|
| ६/२०८२/८३ | प्रशासन, व्यवस्थापक | ९ | २ |
| ७/२०८२/८३ | प्रशासन, सह व्यवस्थापक | ८ | १ |
| ८/२०८२/८३ | प्रशासन, सहायक व्यवस्थापक | ६ | १ |

१. **परीक्षा दस्तुर** : परीक्षा दस्तुर बापत तह ६ का लागि रु. ८००/-, ९ तह र ८ तहका लागि रु. १,२००/- दरखास्त फारामका साथ पेश गर्नुपर्नेछ।

२. **दरखास्त बुझाउने विधि** : तोकिएको म्यादभित्र कम्पनीको वेबसाइट www.rbcl.gov.np को careers भित्र गई वा सोझै https://www.beemavacancy.com मार्फत तोकेको दरखास्त फाराम भरी Esewa मार्फत तोकिएको दस्तुर जम्मा गरी अनलाइन दरखास्त पेश गर्न सकिनेछ।

३. **दरखास्त बुझाउने अन्तिम म्याद** : सूचना प्रकाशित भएको मितिले २१ दिन (२०८३/०४/०७) भित्र र दोब्बर दस्तुर तिरी म्याद समाप्त भएको मितिले ७ दिन (मिति २०८३/०४/१४) गतेसम्म। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट।

४. **लिखित परीक्षा हुने मिति र केन्द्र** : लिखित परीक्षा हुने मिति र परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ।

५. **परीक्षा सञ्चालन** : उपरोक्त पदहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

**पदपूर्ति समिति**